भीमेश्वर नगरपालिका

दोलखा जिल्ला, बागमती प्रदेश

भीमेश्वर नगरपालिका राजपत्र

नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्ड : ३ संख्या : ४ मिति: २०७६/१०/१०

भाग-१

# स्वास्थ्य सेवा ऐन, २०७६

प्रमाणीकरण मिति : २०७६/१०/१०

प्रस्तावना : स्वस्थ जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै,व्यक्तिको शारीरिक,मानसिक तथा सामाजिक विकासको लागि स्वच्छ एवं स्वस्थ वातावरण र गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै,

स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बन्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले प्रत्याभुत गरेको निःशुल्क, आधारभूत स्वास्थ्य सेवालाई नगरपालिकामा व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ बमोजिम संविधानको अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित स्थानीय तहको स्वास्थ्य सम्बन्धी अधिकार कार्यन्वयनका लागि कानुनी व्यवस्था गर्न, भीमेश्वर नगरपालिकाको छैठौं नगर सभाबाट यो ऐन पारित गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**:(१)यस विधयेकको नाम भीमेश्वर नगरपालिकाको" स्वास्थ्य बिधयेक २०७६ " रहेको छ।

(२) यो विधयेक नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "नगरपालिका" भन्नाले भीमेश्वर नगरपालिका सम्झनुपर्छ ।

(ख) "नगरपालिका क्षेत्र" भन्नाले भीमेश्वर नगरपालिकाको भूभाग सम्झनुपर्छ।

(ग) "निर्देशिका" वा "कार्यविधि" भन्नाले यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गर्ने निर्देशिका वा कार्यविधि सम्झनुपर्छ ।

(घ) "ऐन" भन्नाले भीमेश्वर नगरपालिकाको स्वास्थ्य ऐन २०७६ लाई सम्झनुपर्छ।

(ङ) "प्रमुख" भन्नाले नगरपालिका प्रमुख सम्झनुपर्छ ।

(च) "गैह्र सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले भीमेश्वर नगरपालिका क्षेत्र भित्र प्रचलित कानून बमोजिम सरकारको स्वीकृति र संचालन अनुमति लिई गैह्र सरकारी, सहकारी तथा निजी लगानी वा स्वामित्वमा संचालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ।

(छ) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषदवाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ।

(ज) "जनस्वास्थ्य निरीक्षक/ जनस्वास्थ्य अधिकारी" भन्नाले जनस्वास्थ्य सम्बन्धी अनुगमनको लागि तोकिएको पदाधिकारी सम्झनुपर्छ ।

(झ) "जंक फुड" भन्नाले फ्याट, चिनी वा नुनको अत्यधिक मात्रा भएको प्रशोधित खाद्य सामग्री सम्झनुपर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेका नियममा तोकिएको प्रावधान सम्झनुपर्छ ।

(ठ) "अनुगमन समिति" भन्नाले दफा ११ बमोजिम गठित अनुगमन समितिलाई जनाउनेछ ।

(ड) "आकस्मिक उपचार सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न, कुनै अंग गुम्न वा अशक्त हुने अवस्थावाट बचाउन आवश्यकता अनुसार तत्कालै दिनुपर्ने प्रारम्भिक सेवा सम्झनु पर्छ।

(ढ) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने नेपाल सरकारले तोकेका दफा ३ को उपदफा (२) बमोजिमका प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनुपर्छ।

(ण) "कार्यपालिका" भन्नाले भीमेश्वर नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(त) "बोर्ड" भन्नाले दफा ४५ बमोजिम गठित जनस्वास्थ्य बोर्डलाई सम्झनु पर्छ।

(थ)"सरकारी स्वास्थ्य संस्था" भन्नाले भीमेश्वर नगरपालिका क्षेत्र भित्र नगरपालिका, प्रदेश र संघले संचालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ।

(द)"संघीय जनस्वास्थ्य ऐन" भन्नाले जनस्वास्थ्य सेवा ऐन २०७५ लाई सम्झनुपर्छ।

(ध)"सेवाग्राही"भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ।

(न)"सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थावाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषदवाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता/ स्वयंसेविका सम्झनुपर्छ र सो शव्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ।

(प) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, इजाजतपत्र लिएका सरकारी, गैह्रसरकारी, निजी, सामुदायिक र सहकारी रुपमा संचालित दफा ६ र दफा ८ बमोजिमका स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(फ)"स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर" भन्नाले सम्बन्धित गतिविधिको प्रत्यक्ष नतिजास्वरूप पीडित पक्षलाईशारीरिक वा मानसिक रोग लागेको, चोटपटक लागेको, अंगभंग भएको वा मृत्यु भएको भनेर सम्झनु पर्छ।

(ब)"शाखा" भन्नाले कार्यपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ।

## परिच्छेद -२

## आधारभूत स्वास्थ्य सेवा र सेवा प्रदायक

३. **आधारभूत स्वास्थ्य सेवा**:(१) कुनै पनि नागरिकलाई स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन । प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने अधिकार हुनेछ।

(२)नेपाल सरकारले तोकेका देहाय बमोजिमका शीर्षकका आधारभूत स्वास्थ्य सेवाहरूप्रत्येक नागरिकलाई निःशुल्क प्राप्त गर्ने हक हुनेछ ।

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ,नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ग) सरुवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक बिकलङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अस्वस्थताको सेवा

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यताप्राप्त वैकल्पिक स्वास्थ्य सेवा,युनानी चिकित्सा र होमिमोप्याथी

(ञ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा,

(३) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) बमोजिमका सेवामा स्थानीय आवश्यकता र उपलब्ध स्रोतसाधनका आधारमाआवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ ।

(४) नेपाल सरकारले निर्धारण गरेको आधारभूत स्वास्थ्य सेवा सम्बन्धी मापदण्ड, सेवाहरूको विस्तृत विवरण, सेवा प्रवाह सम्बन्धी अन्य व्यवस्था र प्रकृया बमोजिम उपदफा(२) र (३) बमोजिमका आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन कार्यपालिकाले गर्नेछ।

(५) उपदफा (२) मा उल्लेख गरिएका सेवाका अतिरिक्तस्थानीय आवश्यकता अनुसार तोकिएको वर्ग, समुह, लिङ्ग वा क्षेत्रका नागरिकलाई तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा समेत कार्यपालिकाले निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

(६) आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **<u>आधारभूत स्वास्थ्य सेवा प्रदायक</u>**:(१) नगरपालिकाले देहाय बमोजिमका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमबाट आधारभूत तथा अन्य स्वास्थ्य सेवा सुनिश्चित गर्न सक्नेछ ।

(क) गाँउघर क्लिनिक/ खोप केन्द्र
(ख) शहरी स्वास्थ्य केन्द्र
(ग) आधारभूत स्वास्थ्य सेवा केन्द्र
(घ) स्वास्थ्य चौकी
(ङ) रक्त संचार केन्द्र
(च) प्राथमिक स्वास्थ्य केन्द्र
(छ) आयुर्वेदिक औषधालय३१
(ज) नगर फार्मेसी/सार्वजनिक फार्मेसी/अस्पताल फार्मेसी
(झ) प्राथमिक अस्पताल/नगर अस्पताल
(ञ) सामुदायिक अस्पताल

(२)आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले बाल सञ्जालको प्रतिनिधी, निजी, गैरसरकारी, सहकारी र सामुदायिक स्वास्थ्य संस्थासंग सहकार्य वा साझेदारी गर्न सक्नेछ।

५. **<u>नगरपालिका स्वास्थ्य शाखा</u>**:(१)आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्बन्धी नगरपालिकाको अन्य गतिविधि संचालन गर्नको लागि नगर कार्यपालिका मातहत एक स्वास्थ्य शाखा हुनेछ।

(२) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत आवश्यकता अनुसार उपशाखा र इकाईहरू बनाउन सक्नेछ ।

## परिच्छेद ३

## <u>स्वास्थ्य संस्था स्थापना तथा संचालन</u>

६. **<u>स्वास्थ्य संस्था स्थापना र संचालन</u>**: (१) नगरपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि नगरपालिकाले देहायका स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ।

(१) नगर अस्पताल/प्राथमिक अस्पताल

(२) प्राथमिक स्वास्थ्य केन्द्र

(३) स्वास्थ्य चौकी

(४) नगर फार्मेसी / अस्पताल फार्मेसी

(५) नगर क्लिनिक

(६) आयुर्वेदऔषधालय

(७) रक्त संचार केन्द्र

(८) आधारभुत स्वास्थ्य सेवा केन्द्र

(९) शहरी स्वास्थ्यकेन्द्र

(१०) तोकिए बमोजिमका अन्य स्वास्थ्य संस्था

(२) उपदफा(१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्युनतम मामदण्ड संघीय सरकारले तोके बमोजिम हुनेछ ।

(३) नगरपालिकामा स्वास्थ्य सेवा संचालनको लागि आवश्यकता र औचित्यता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था रहने गरी नगरपालिकाले स्वास्थ्य संस्थाहरूस्थापना तथा संचालन गर्न सक्नेछ ।साथै आवश्यकता हेरी जनसंख्या, भुगोलका आधारमा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्नसक्ने छ ।

(४) नगरपालिकाले उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थावाट आधारभूत स्वास्थ्य सेवाका अतिरिक्त तोकिए बमोजिमका अन्य सेवाको सुनिश्चितता गर्ने छ ।

(५) नगरपालिकाभित्र हरेक सरकारी अस्पतालहरुले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधिहरुको नियमित उपलब्धता सुनिश्चित गर्नुका साथै अन्य आवश्यक औषधिहरु सुपथ मूल्यमा उपलब्ध गराउनु पर्नेछ ।

(६) औषधि सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

७. **स्वास्थ्य संस्था व्यवस्थापन**: (१) नगरपालिकाको स्वामित्व रहेका वा नगरपालिकामा हस्तान्तरण भएका अस्पतालको व्यवस्थापनको लागि देहाय बमोजिमको एक अस्पताल व्यवस्थापन समिति हुनेछ ।

(क) नगरप्रमूख- अध्यक्ष

(ख) स्थानीय लब्ध प्रतिष्ठित समाजसेवी मध्येवाट कार्यपालिकाले तोकेको व्यक्ति- उपाध्यक्ष

(ग) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य- सदस्य

(घ) सामाजिक/स्वास्थ्य/शिक्षा क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्ये कार्यपालिकाले तोकेको एक महिला सहित २ जना-सदस्य

(ङ) महिला स्वयंसेविका मध्येवाट अध्यक्षले तोकेको व्यक्ति १ जना-सदस्य

(च) अस्पतालमा कार्यरत चिकित्सक र नर्स मध्येवाट अस्पताल प्रमुखले सिफारित गरेको एक जना-सदस्य

(छ) अस्पताल रहेको वडाको अध्यक्ष- सदस्य

(ज) स्वास्थ्य शाखा प्रमुख(स्वास्थ्य संयोजक)-सदस्य पदेन

(झ) अस्पतालको मेडिकल सुपरिडेन्डेन्ट- सदस्य सचिव

(२)नगरपालिकाको स्वामित्व रहेका अन्य स्वास्थ्य चौकी, स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ ।

(क) स्वास्थ्य संस्था रहेको सम्वन्धित वडाको अध्यक्ष- अध्यक्ष

(ख) स्थानीय लब्ध प्रतिष्ठित समाजसेवी मध्येवाट वडा समितिले तोकेको व्यक्ति- उपाध्यक्ष

(ग) स्वास्थ्य क्षेत्र हेर्ने सम्बन्धित वडा सदस्य- सदस्य

(घ) सामाजिक/स्वास्थ्य/शिक्षा क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्ये एक महिला सहित २ जना- सदस्य

(ङ) महिला स्वयंसेविका मध्येवाट वडाले तोकेको १ जना

(च) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख -सदस्य सचिव

(छ) बाल सञ्जालको प्रतिनिधी बालक र बालिका गरि दुई जना -सदस्य

९३)नगरपालिकाको स्वामित्व रहेका शहरी स्वास्थ्य केन्द्रको व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ ।

(क) स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्यमध्येको एक सदस्य - अध्यक्ष

(ख) स्थानीय लब्ध प्रतिष्ठित समाजसेवी मध्येवाट वडा समितिले तोकेको व्यक्ति- उपाध्यक्ष

(ग) स्वास्थ्य क्षेत्र हेर्ने सम्बन्धित वडा सदस्य- सदस्य

(घ) सामाजिक/स्वास्थ्य/शिक्षा क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्ये एक महिला सहित २ जना- सदस्य

(ङ) महिला स्वयंसेविका मध्येवाट वडाले तोकेको १ जना सदस्य

(च) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख -सदस्य सचिव

(छ) बाल सञ्जालको प्रतिनिधी बालक र बालिका गरि दुई जना -सदस्य

(४) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी,विद्यालयको शिक्षक, विज्ञ वा कर्मचारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिमको व्यवस्थापन समितिमा नगरपालिका प्रमुख स्वास्थ्य संस्थाको संरक्षक रहनेछन।

(६) व्यवस्थापन समितिको काम, कर्तव्य अधिकार र समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **<u>स्वास्थ्य संस्था संचालन अनुमति लिनुपर्ने</u>**:(१) नेपाल सरकारले निर्धारण गरेको मापदण्डका साथै तोकिएको प्रक्रिया पुरा गरेको सुनिश्चित गरी नगरपालिका क्षेत्रभित्र निजी, गैरसरकारी, सामुदायिक वा सहकारी संस्थालाई नगरपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था संचालनको लागि इजाजतपत्र दिन सक्नेछस

(क) जनरलअस्पताल,प्राथमिक अस्पताल

(ख) स्वास्थ्य क्लिनिक

(ग) औषधि पसल, फार्मेसी सेवा

(ङ) आयुर्वेदिक औषधालय

(च) पुनर्स्थापना केन्द्र

(छ) पोलिक्लिनिक

(ज) प्रयोगशाला,मेडिकल ल्याब, डायग्नोष्टिक सेवा

(झ) वैकल्पिक तथा प्राकृतिक चिकित्सा सम्बन्धी सेवा

(ञ) तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनैपनि कार्य गर्न पाउनेछैन ।

(३) उपदफा(१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था सञ्चालनको अनुमति लिन वा नवीकरण गर्न दरखास्त दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइने दरखास्तको ढाँचा अनुसूची १ अनुसार र तिर्नु पर्ने दस्तुर अनुसूची २ अनुसारहुनेछ ।

(५) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता गर्दा शाखाले तोकिएको प्रकृयाका साथै नेपाल सरकारले तोकेको प्रचलित मापदण्ड समेत पुरा भएको सुनिश्चित गर्नेछ ।

(६) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता तथा अनुमति दिनुपूर्व नगरपालिकाको स्वास्थ्य संस्था अनुगमन समितिले आवेदन परेको ७ दिनभित्र आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरे नगरेको विस्तृत अध्ययन गर्नेछ र कार्यपालिकालाई१ महिनाभित्रमा सिफारिस गर्नुपर्नेछ।

(७) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको वार्षिक प्रतिवेदन शाखा समक्ष पेश गरी प्रत्येक आर्थिक वर्षमा दर्ता नवीकरण वा नवीकरण सिफारिस लिनुपर्नेछ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा नगरपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा शाखालाई अग्रिम जानकारी गराउनुपर्ने छ।

(९) यो ऐन जारी हुनुअघि नगरपालिका क्षेत्र भित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भएको मितिले ३ महिनाभित्र नगरपालिकाले तोकेको प्रकृया बमोजिमअनुमतिलिनु/दर्ता/ सुचिकृत गराउनु पर्नेछ।

(१०) परम्परागत उपचार सेवा संचालन गर्ने निकाय वा व्यक्तिले तोकिएको मापदण्ड र प्रकृया अनुरुप सेवा संचालन स्वीकृति लिनुपर्नेछ।

(११) इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. <u>दर्ता सिफारिस लिनुपर्ने</u>: (१) नगरपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजतपत्र लिई/दर्ता भई संचालन हुनेनिजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले स्थापना तथा संचालनर नवीकरणको लागि नगरपालिकाबाट सेवा संचालन पुर्व अनुमति वा दर्ता र नवीकरण सिफारिश लिनुपर्नेछ।

(२)यसरी अनुमति वा दर्ता सिफारिस लिने निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले मापदण्ड बमोजिमका शर्तका अतिरिक्त आफ्नो स्वास्थ्य संस्थामा १०% संख्यामा अनिवार्य रुपमा नगरपालिकाले सिफारिस गरेका नगरपालिका क्षेत्रभित्रका असहाय, गरिव तथा विपन्न नागरिकको निःशुल्क उपचार गर्नुपर्नेछ।

(३) नगरपालिका क्षेत्रभित्र संचालित स्वास्थ्यसंग सम्वन्धित शिक्षण संस्थाहरू नगरपालिकामा दर्ता हुनुपर्नेछ।

(४) नगरपालिकाले प्रचलित मापदण्ड र प्रकृया पुरा गरेर स्थानीय आवश्यकता अनुसार आफैले स्वास्थ्यसंग सम्बन्धित शिक्षण संस्था संचालन गर्न सक्नेछ।

## परिच्छेद ४

## स्वास्थ्य संस्थाको अनुगमन र गुणस्तर

१०. **गूणस्तर र पूर्वाधारको मापदण्ड पुरा गर्नुपर्नेः**(१) नगरपालिकाले नगर क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम सेवा गूणस्तर मापदण्ड र पुर्वाधार मापदण्ड निर्देशिका बनाई लागु गर्नेछ ।

(२) नगरपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुपकोसेवा गुणस्तर पुरा गरेको हुनुपर्नेछ।

११. **अनुगमन गर्नेः**(१) कार्यपालिकाले मापदण्ड अनुरुपको सेवा र पुर्वाधार गुणस्तर कायम गरे नगरेको सन्दर्भमा अनुगमन, निरीक्षण र मुल्याङ्कन गर्न एक अनुगमन समिति गठन गर्नेछ।

(२) उपदफा(१) बमोजिम गठित अनुगमन समितिले दफा ६ बमोजिम स्थापना भएका र दफा ८ बमोजिम संचालन अनुमति लिई नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका प्रत्येक स्वास्थ्य संस्थाको वर्षमा कम्तिमा दुई पटक अनुगमन,निरीक्षण तथा मुल्याङ्कन गर्नेछ ।

(३) गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा जुनसुकै बेला पनि नियमन, निरीक्षण र अनुगमन गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम गठित अनुगमन समितिमा नगरपालिकाको प्रतिनिधिका साथै सम्बन्धित विषयको योग्यता र ज्ञान भएको विज्ञ समेत सम्मिलित गराउनु पर्नेछ।विज्ञ सम्मिलित गराउन सम्बन्धित विषयका प्रादेशिक तथा संघीय तहका नियामक निकाय तथा अन्य विशेषज्ञ संस्थासंग सहकार्य गर्न सक्नेछ ।

(५) अनुगमनका क्रममा पूर्वाधार वा गुणस्तरको मापदण्ड पालना नगरेको पाइएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारवाहीका लागि सिफारिस गर्नेछ ।

(६) उपदफा (५) बमोजिमअनुगमन समितिले गरेको कारवाही सिफारिसमाआफ्नो रायसमेत उल्लेख गरी अन्तिम निर्णयको लागि कार्यपालिकामा पेश गर्नेछ ।

(७)निरीक्षण, अनुसन्धान तथा अनुगमनबाट प्राप्त नतिजाका आधारमा संस्था स्थापना र संचालनको स्वीकृति दिने निकायलेआवश्यक निर्देशन दिन सक्नेछ र सो संस्थाले मापदण्डहरुको पालना नगरेका कारण जनस्वास्थ्यमा प्रभाव पर्ने देखेमा संस्था बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ ।

(८) शाखाले नगरपालिका भित्र स्वास्थ्य क्षेत्रको अवस्था, प्रगति विवरण र स्वास्थ्य संस्थाको अनुगमन प्रतिवेदन समेत सम्मिलित वार्षिक प्रतिवेदन तयार गर्नेछ । यस्तो प्रतिवेदन प्रत्येक आर्थिक वर्ष अन्त्य भएको ६ महिनाभित्र नगर कार्यपालिकाले नगर सभामा पेश गरी छलफल गर्नेछ।

१२. **सेवा शुल्क निर्धारण र पुनरावलोकन**: (१) नगरपालिकाले संघीय सरकारले तोकेको मापदण्ड अनुसार नगरपालिकाभित्रको स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ रसो को कार्यन्वयन भए नभएको नियमित अनुगमन गर्नेछ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा(१)को प्रतिकूल नहुनेगरी आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नुपर्ने आधार प्रष्ट खुलाई नगरपालिकाबाट शुल्कको सुचीस्वीकृत गराउनुपर्नेछ र निर्धारित शुल्कको सूची सबै सेवाग्राहीले देख्ने स्थानमा राख्नुपर्नेछ।

## परिच्छेद-५

## सरसफाई, स्वास्थ्य जन्य फोहोर व्यवस्थापन तथा स्वस्थ वातावरण

१३. **सरसफाई तथा स्वस्थ वातावरण**:(१)कुनै पनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर नगरपालिकाले तोकेको स्थान बाहेक अन्यत्र फाल्न पाइने छैन ।यसका लागि कार्यपालिकाले उपयुक्त प्रकृया र विधि निर्धारण गर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु नगरपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ ।

(३) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदुषण रोकथामको लागि संघीय मापदण्ड अनुसारको स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(४) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदुषण गरेको पाइएमा कार्यपालिकालेप्रचलित कानून बमोजिमकारवाही गर्न सक्नेछ।

(५)कार्यपालिकाले व्यक्तिगत,घरेलु तथा सामुदायिक सरसफाई सम्बन्धी निर्देशिका बनाई लागु गर्नेछ।

(६) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(७) जाँच परिक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

१४. **स्वास्थ्यजन्य फोहोर व्यवस्थापन**: (१) स्वास्थ्य सम्बन्धि फोहोरमैलाको छुट्टाछुट्टै संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि कार्यपालिकाले निर्देशिका बनाई लागु गर्नेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य क्षेत्रवाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैह्रसरकारी क्षेत्रसंग समेत सहकार्य र साझेदारी गर्न सक्नेछ।

## परिच्छेद ६

## जनस्वास्थ्य निरीक्षणर प्रवर्द्धन

१५. **जनस्वास्थ्य निरीक्षण**: (१) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आमजनतालाई सुरक्षित गर्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ ।

(२) खाद्य, वातावरण, पानी लगायत जनस्वास्थ्यका अन्य पक्षहरूको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले संघ तथा प्रदेशसंगको समन्वयमा आवश्यक मात्रामा जनस्वास्थ निरीक्षकहरू परिचालन गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्तिवा संस्थाले यस ऐनको परिच्छेद ५ वा परिच्छेद ६ को उल्लङ्घन गरी जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्नेछ ।

१६. **खानेपानी तथा खाद्य सामग्री गुणस्तर** : (१) कार्यपालिकाले प्रचलित संघीय र प्रादेशिक मापदण्डको आधारमा नगरपालिका क्षेत्रभित्र विक्री तथा वितरण हुने खानेपानी तथा खाद्य सामग्रीको गुणस्तर मापदण्डका साथै त्यसका विक्रेता वा आपूर्तिकर्ताको मापदण्ड बनाई लागु गर्नेछ।

(२) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामग्रीका विक्रेता तथा आपूर्तिकर्तालाई संचालन अनुमति दिनेछ ।

(३) कार्यपालिकाले नियमित रूपमा मापदण्ड पालना भए-नभएको सन्दर्भमा जनस्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ ।

(४) कार्यपालिकाले योजना बनाई नगरपालिका क्षेत्र भित्र अस्वस्थकर खाद्य पदार्थको उपभोग निरुत्साहित पार्ने तथा सन्तुलित आहार सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्नेछ ।

(५) कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र खानेपानीको गुणस्तर सुनिश्चित गर्न खानेपानीका स्रोतको उचित संरक्षण गर्नेछ ।

(६) कार्यपालिकालेखाद्यसामग्रीको उत्पादन तथा वितरणमा किटनाशक औषधि वा मानव स्वास्थ्यको प्रतिकूल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ ।

(७) खाद्यान्न, मासु र पानी लगायतका उपभोग्य बस्तु उत्पादन, भण्डारण, ओसार पसार तथा बिक्री वितरणका क्रममा तोकिए बमोजिमको न्युनतम मापदण्ड अनिवार्य पालना गर्नुपर्ने छ । यसरी तोकिएका मापदण्डहरु गल्ली, ठेला वा अन्य स्थान तथा साधनहरु प्रयोग गरी बिक्री वितरण गर्ने निकायहरुलाई समेत लागु हुनेछ ।

(८) माथि उल्लेखित संस्थाहरूले वितरण गर्ने खाद्य पदार्थले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ । यसरी जाँच परिक्षण गर्दा निरीक्षकले संघीय सरकारले तोकेको मापदण्डलाई समेत आधार बनाउनु पर्नेछ ।

(९) जाँच परिक्षणमा कुनै संस्थाले वितरण गरेको खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको वा कुनै व्यक्ति बिरामी परेको यथेष्ठ प्रमाण भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त संस्थाको संचालन अनुमति तोकेको समयका लागि कारवाहीका लागि सिफारिश गर्न सक्नेछ ।

१७. **अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन**:(१) कार्यपालिकालेसुर्ती, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्ननेपाल सरकारले तोकेको मापदण्डलाई आधार मानी सुर्ती, मदिरा तथा अखाद्य पदार्थको विक्री तथा वितरणलाई नियमन, नियन्त्रण तथा मर्यादित बनाउन निर्देशिका बनाई कार्यान्वयन गर्नेछ ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरणका लागि नगरपालिकाबाट छुट्टै इजाजतपत्र लिनुपर्नेछ।

(३) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ वितरण गर्न बन्देज लगाउन सक्नेछ।

(४) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण र प्रयोगमा नियन्त्रण एवं न्युनिकरण गर्ननगरपालिकाले निषेधित र विक्रि वितरणका लागि खुला क्षेत्र तोक्न सक्नेछ। यसरी तोकिएको क्षेत्रमा मात्र विक्री वितरण गर्न पाइनेछ ।

(५) नगरपालिका भित्र मदिरा,चुरोट,सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन गर्न पाइने छैन।

(६) १८ वर्ष मुनिका वालवालिकालाईसुर्तीजन्य वा मदिराजन्यपदार्थ विक्री वितरण गर्न पाइने छैन।

(७)विद्यालय, स्वास्थ्यसंस्था लगायत कार्यपालिकाले तोकेका स्थानमा जंक फुड, मदिरा तथा सुर्तिजन्यको विक्री वितरण, प्रचार र उपभोग निषेधित गरिनेछ ।निषेधित क्षेत्रमा जंक फुडकोविक्री, वितरण, प्रचार गरेको पाइएमासम्बन्धित विद्यालय तथा त्यस्तो जंक फुडको बिक्री, वितरण वा प्रचार गर्ने व्यक्ति वा संस्था वा दुवैलाई तोकिए बमोजिम कारवाही हुनेछ ।

१८. <u>**जनस्वास्थ्य मैत्री भवन निर्माण तथा सडक पुर्वाधार**</u>: (१)नगरपालिका भित्र सार्वजनिक भवनहरु निर्माण गर्दा जनस्वास्थ्य मैत्री हुनु पर्नेछ, यसमा भवन आचार संहिता मापदण्ड पालना, खासगरी भूकम्प प्रतिरोधी तथा अपांगतामैत्री हुनुपर्ने समेत पर्दछ ।

(२)संघ, प्रदेशवानगरपालिकाले तोकेका जोखिमपुर्ण क्षेत्रहरूका आवास निर्माण गर्न पाइने छैन । यदि निर्धारित क्षेत्रमा पहिले देखिनै आधिकारिक बसाइ रहेको भएमा कार्यपालिकाले प्रचलित संघीय कानून अनुसार वैकल्पिक स्थानसहित उपयुक्त क्षतिपूर्तिको व्यवस्था गर्नेछ।

(३)सडक पुर्वाधार निर्माण गर्दा सडक दुर्घटना कम हुने गरी र स्वास्थ्य प्रबर्धनलाई ध्यानमा राखेर निर्माण गर्नु पर्नेछ । नयाँ बन्ने सडक र पुराना सडकहरूको स्तरोन्नति गर्दा आवश्यकताअनुसारफुटपाथ र साइकल लेनको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

(४) नगरपालिकाले कुनै पनि भौतिक निर्माण गर्दा वा निर्माण अनुमति दिनुअघि त्यस्तो निर्माणको क्रममा जनस्वास्थ्यमा पर्नसक्ने प्रभावकोमूल्यांकन गर्नसक्नेछ। यस्तो मूल्याङ्कनबाट जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पर्नसक्ने देखिएमा त्यस्तो प्रभाव न्यूनिकरण गर्ने विधिबाट निर्माण गरिनेछ।

१९. <u>**जनस्वास्थ्यमैत्री वस्तीविकास तथा शहरीकरण**</u>: (१) जनस्वास्थ्य मैत्री वस्तीविकास तथा शहरीकरण प्रबर्धन गर्नु नगरपालिकाको दायित्व हुनेछ । जसमा आवश्यकतारसान्दर्भिकताअनुसारस्वास्थ्यका दृष्टिकोणले पर्याप्त खेल, मनोरञ्जन स्थल, पैदल हिड्ने व्यवस्था, साइकल चलाउन मिल्ने व्यवस्था आदि समेत पर्नेछ । नगरपालिकाले शहरीकरणका आवश्यक मापदण्डहरूमा उपरोक्त पक्षहरूलाई समावेश र प्रबर्द्धन गर्नेछ।

(२)कार्यपालिकाले योजना बनाई नगरपालिका क्षेत्र भित्र सार्वजनिक खुल्ला स्थान तथा सार्वजनिक पार्कको निर्माण र संरक्षण गर्नेछ।

## परिच्छेद ७

## <u>स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन</u>

२०. **स्वास्थ्य पुर्वाधार र मापदण्ड**ः(१) नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्रका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको संरक्षण र सम्वर्धन गर्नेछ ।

(२) पुर्वाधार मापदण्डको आधारमा स्वास्थ्य संस्थाका पूर्वाधारको निर्माण तथा मर्मतसम्भार गर्नेछ।

(३) स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको मर्मतसम्भारको लागि नगरपालिकाले कूल निर्माण पूँजीको निश्चित प्रतिशत मर्मतसम्भारको लागि वार्षिक बजेट छुट्टाउने छ ।

(४) नगरपालिकाले नगरपालिकाको स्वामित्व रहेका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य संस्थाको वर्गीकरण तथा पूर्वाधार मापदण्ड अनुसार न्युनतम औजार-उपकरणहरूको उपलब्धता सुनिश्चित गर्नेछ ।

२१. **जनशक्तिको व्यवस्थापन**ः(१) नगरपालिका भित्रका स्वास्थ्य संस्थामार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ।

(क) स्थायी (नेपाल सरकारको स्वास्थ्य सेवावाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र लोकसेवावाट पदपुर्ति हुने स्थायी जनशक्ति)

(ख) करार (नगरपालिकाले करार सेवामा भर्ना गरिएका जनशक्ति)

(ग) अभ्यासकर्ता(छात्रवृति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति)

(घ) महिला स्वास्थ्य स्वयंसेविका/स्वास्थ्य अभियानकर्ता

(२) नगरपालिकाले स्वीकृत संरचना अनुरूपको आवश्यक जनशक्ति स्थायी र करार सेवावाटकर्मचारी पदपूर्ति गर्नेछ ।

(३) नगरपालिकाले विशेषज्ञ सेवा प्रवाहको लागि आवश्यक प्राविधिक जनशक्ति प्रचलित कानून बमोजिम करारवाट पदपुर्ति गर्न सक्नेछ।

(४) नगरपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिको लागि प्रादेशिक वा संघीय तहका सम्बन्धित निकाय वा अन्य संस्थाको सहयोगमाआवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ ।

(५)नगरपालिका क्षेत्रभित्र स्वास्थ्यकर्मीहरूको लागि कार्यमैत्री वातावरण तथा पेशागत सुरक्षाको व्यवस्था हुनेछ ।

(६) महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य अभियानकर्ताको योग्यता, नियुक्तिको प्रकृया, सेवासुविधा, तालिम र आवश्यक संख्या सम्वन्धमा कार्यपालिकाले छुट्टै मापदण्ड वनाई व्यवस्थित गर्नेछ।

(७) जनशक्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र तोकिए बमोजिम हुनेछ।

२२. **कार्यसम्पादन करार गर्नुपर्ने**ः (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्यपालिकाले कर्मचारीहरूसंग छुट्टाछुट्टै कार्यसम्पादन करार गर्न सक्नेछ।

(२) कार्यसम्पादन करार अनुसार काम भए नभएको सम्बन्धमा कार्यपालिकाले कर्मचारीको कार्यक्षमताको मुल्याङकन गरी राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्न सक्नेछ।साथै कार्यक्षमता मुल्यांकनका आधारमा कमजोर कर्मचारीलाई सुधारका

लागि मौका दिईने र पटक पटक मौका दिदाँ पनि कार्यसम्पादनमा सुधार आउन नसकेको खण्डमा कार्बाहि गर्न पनि सकिने छ ।

## परिच्छेद ८

## <u>विपद व्यवस्थापन र जनस्वास्थ्य आपतकाल</u>

२३. **<u>विपद व्यवस्थापन संयन्त्र</u>**:(१)नगरपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदहरूको पुर्वतयारी, जाँचपड्ताल, व्यवस्थापन र जोखिम न्युनिकरणको लागि उपयुक्त संयन्त्रसहितको प्रबन्ध गर्नेछ ।जसमा द्रुत प्रतिकार्य टोलि( च्च्० समेत रहने छ ।

(२) सम्भावितमहामारीको जोखिम पहिचान गरी तिनको रोकथामको लागि अन्य संघ-संस्था तथा निकायसंगको सहकार्यमा योजना बनाई कार्यान्वियन गर्नेछ ।

(३) नगरपालिकाले महामारी र विपदवाट थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसंग अनुरोध गर्न सक्नेछ।

२४. **<u>जनस्वास्थ्य आपतकाल</u>**: (१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा नगरपालिका प्रमुखले प्रदेश तथा संघीय सरकारसंग समन्वय गरि स्थानीय जनस्वास्थ्य अधिकारीको सिफारिशमा आफ्नो क्षेत्रभित्रजनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन कुन क्षेत्रमा सो लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ ।

(४) आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि क्षेत्र लगायत तथा अन्य पक्षहरूमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ।

(५) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जनस्वास्थ्य अधिकारीको सिफारिशमा प्रमुखले जारी गरेका जनस्वास्थ्य सम्बन्धि आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद ९

## <u>औषधि तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण,नियमन</u>

२५. **<u>औषधि खरिद, भण्डारण र वितरण सम्बन्धि व्यवस्था</u>**:(१)नगरपालिकाले निःशुल्क वितरण गर्ने वा फार्मेसी मार्फत् विक्री गर्ने औषधिको सूची निर्धारण गरी औषधि तथा स्वास्थ्यजन्य उपकरणको खरिद,भण्डारण र वितरणको लागि कार्यपालिकालेवार्षिक खरिद योजना बनाउने छ।

(२)उपदफा(१)वमोजिमको औषधि खरिद गर्दा सार्वजनिक खरिद ऐन र औषधि सम्वन्धिप्रचलित ऐन कानून बमोजिम हुनेछ।

(३) नगरपालिका मातहतकास्वास्थ्य संस्थामा औषधि खरिद, आपूर्ति, भण्डारण तथा विक्री गरिने औषधिको हकमा मूल्य निर्धारणको लागि निर्देशिका बनाई कार्यान्वयन गर्नेछ ।

२६. **<u>निःशुल्क औषधि</u>**: (१) शाखाले दफा ३ र दफा ४ बमोजिम निःशुल्कऔषधिआफू मातहतका स्वास्थ्य संस्था मार्फत वितरण गर्ने छ ।

२७. **नियमनः** (१) नगरपालिकालेसंघीय तथा प्रादेशिक तहका प्रचलित कानुन समेतलाई आधार मानी नगरपालिका क्षेत्रभित्र औषधिको विक्री, वितरण तथा प्रयोगको नियमन गर्नेछ ।

## परिच्छेद १०

## साझेदारी र सहकार्य

२८. **साझेदारी र सहकार्य गर्न सक्नेः**(१) नगरपालिकालेआधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रवाह गर्ने, गुणस्तरीय स्वास्थ्य सेवाको लागि नगरपालिका आफैले दक्ष जनशक्ति उत्पादन गर्न प्रचलित कानुनको अधीनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहमा कार्यरत स्वास्थ्य र शिक्षासंग सम्बन्धित निजी, सरकारी तथा गैरसरकारी संघ-संस्था तथा निकायसंग साझेदारी र सहकार्य गर्न सक्नेछ।

(२)सेवा प्रवाहको सुलभता वा खर्च न्यूनिकरणको लागि नगरपालिकाले अन्य स्थानीय सरकारसंग सहकार्य गरी आफ्नै क्षेत्रभित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्थामार्फत सेवा प्रबाह गराउन सक्नेछ ।

(३)उपदफा (२)बमोजिमको सहकार्य गर्न कार्यपालिकाले अन्य नगरपालिकासंग लक्षित जनसंख्याको अनुपातको आधारमा वा सेवाग्राही संख्याको अनुपातको आधारमाखर्च बांडफांड गर्ने गरी संयुक्त सेवा सम्झौता गर्न सक्नेछ।

(४) यस ऐन प्रारम्भ हुनुअघि नगरपालिका क्षेत्रभित्रका सरकारी स्वास्थ्य संस्थामा गैरसरकारी संघ-संस्था तथा निकायसंगको साझेदारी र सहकार्यमा भएको स्वास्थ्य सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले संघीयसरकारसंग समन्वय गरी सम्झौताको आवश्यक पुनरावलोकन गर्न सक्नेछ।

२९. **सेवा खरिद सम्झौता गर्न सक्नेः**नगरपालिका क्षेत्रका वासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र संचालित वा नगरपालिका आसपासमा पायक पर्ने स्थानमा संचालित निजी, गैरसरकारी,सामुदायिक, सरकारी वा सहकारी संस्थाले संचालन गरेका स्वास्थ्य संस्थासंग सेवा खरिद सम्झौता गर्न सक्नेछ।

३०. **विद्यालय स्वास्थ्य सेवाः**(१) नगरपालिकाले संघीय सरकार, प्रदेश सरकार, निजी शैक्षिक निकाय, गैरसरकारी संस्थाहरु तथा विद्यालयहरुसँग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न विद्यालय नर्सको व्यवस्था गर्न सक्नेछ ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धि व्यवस्थाको प्रकृति र मापदण्डहरु कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३१. **घुम्ती शिविर सम्बन्धी व्यवस्थाः** (१) स्वास्थ्य सम्बन्धी घुम्ती शिविर वा स्वास्थ्य सम्बन्धी अन्य सेवा तथा कार्यक्रमहरु सञ्चालन गर्न नगरपालिकाबाट अनुमति लिनु पर्नेछ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरु प्रदान गर्दा पूरा गर्नु पर्ने प्रकृया र मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ११

## स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य प्रविधि, तथ्यांक र अभिलेख

३२. **तथ्याङ्क संकलन र अभिलेखिकरणः** (१)नगरपालिकाले आफ्नो क्षेत्रमा घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धि तथ्यांक र अभिलेख संकलन गरी नियमित रूपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग, बिरामी तथा सेवासम्बन्धी तथ्यांक र अभिलेख नगर स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा नियमित रुपमा अद्यावधिक गराउनुपर्ने छ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रुपमा राख्नुपर्नेछ ।

(४)नगरपालिका वा इजाजतपत्र स्वास्थ्य संस्था वा अनुमतिप्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसंग सम्वन्धितव्यक्तिगत सूचना, कागजात तथा अभिलेखकोगोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा जिम्मेवारप्राप्त व्यक्तिको दायित्व हुनेछ।

(५)नगरपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धी सूचकांकहरू नियमित रूपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ।

(६)कार्यपालिकाले स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउने छ।

(७)शाखाले आवधिक रूपमानगर स्वास्थ्य सर्वेक्षण गर्नेछ।

३३. **<u>जानकारी पाउने हक</u>**: विरामीलाई आफ्नो उपचार सम्बन्धी सम्पुर्ण जानकारी पाउने हक हुनेछ । सो जानकारी उपलब्ध गराउनु स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

## परिच्छेद १२

## आकस्मिक स्वास्थ्य सेवा

३४. **<u>आकस्मिक सेवाबाट बन्देज नगरिने</u>**:(१) नगरपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि बिरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन ।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीले आवश्यकता अनुसार कुनै पनि ब्यक्तिलाई जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको कर्तव्य र दायित्व हुनेछ ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा व्यवस्थित गर्नको लागि बिरामीको अवस्थाको गम्भीरताको आधारमा वर्गीकरण गरी प्राथमिकता तोकी उपचार गर्न सक्नेछ।

(४)उपदफा(१)को आकस्मिक उपचार खर्च व्यवस्थापन गर्नको लागि नगरपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्नेछ।

३५. **<u>एम्बुलेन्स तथा शव वाहन सेवा</u>**:(१) नगरपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्थासंगको सहकार्यमा एम्बुलेन्स तथा शववहान सेवा संचालन गर्न सक्नेछ।

(२) नगरपालिकाले नगरपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्स तथा शववहानहरू नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप भए नभएको अनुगमन गर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्स तथा शववहानहरू संचालकले शाखामा दर्ता तथा वार्षिक नवीकरण गराउनु पर्नेछ।

(४) नगरपालिकाले अन्य स्थानीय सरकारसंगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ।

(५) उपदफा ३ बमोजिम दर्ता तथा नवीकरण नभएका एम्बुलेन्स तथा शववहान कार्यपालिकाले नियन्त्रणमा लिन सक्नेछ।

## परिच्छेद १३

## प्रेषण तथा उपचार प्रणाली

३६. **प्रेषण तथा उपचार प्रणाली**: (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ ।

(२)उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्नसक्नेस्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।

(३)कार्यपालिकाले संघीय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागु गर्नेछ।

## परिच्छेद- १४

## सेवाग्राहीको कर्तव्य र सेवा प्रदायकको दायित्व

३७. **सेवाग्राहीको कर्तव्य** : (१)प्रत्येक व्यक्ति नियमित रुपमा आफूलाइ पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु तथा राय सुझाव लिनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(२) आफ्नो स्वास्थ्यको सम्वन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु सबै नागरिकको कर्तव्य हुनेछ।

(३) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई कसैले पनि बाँधेर राख्ने वा खोरमा थुन्ने जस्ता कार्य गर्न पाईने छैन । त्यस्ता व्यक्तिहरूको बारेमा कार्यपालिकालाई सूचना दिने, स्वास्थ्य संस्थामा लैजाने, उपचार गर्ने गराउने, उपचार खर्च दिने र स्वस्थ रहन तथा उपचार गर्ने कार्यमा सहयोग तथा सहजिकरण गर्नु प्रत्येक संरक्षकको दायित्व हुनेछ ।

३८. **सेवा प्रदायक र स्वास्थ्यकर्मीको दायित्व**: (१) नागरिकलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ ।

(२) यस ऐन बमोजिम स्वास्थ्यकर्मीले उपचार गर्दा सवै सेवाग्राही प्रति समान व्यवहार गर्नु र भेदभाव नगरी सेवा दिनु सबै स्वाथ्यकर्मीको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्नसक्नेछ ।

(४) स्वास्थ्यकर्मीलाई पेशागत सुरक्षा र कार्यमैत्री वातावरणको हक हुनेछ।

३९. **स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने** : स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन ।

४०. **गुनासो व्यवस्थापन**:कार्यपालिकाले स्वास्थ्य सेवा, सरसफाई र जनस्वास्थ्यसंग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न एक अधिकारी तोकिने छ ।

## परिच्छेद १५

## दण्ड, जरिवाना र क्षतिपुर्ति

४१. **कसूर गरेको मानिने**:(१) कसैले देहायबमोजिमका कार्य गरेमा यो ऐनअन्तर्गतको कसूर गरेको मानिनेछः—

(क) दफा ८ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वस्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा ३८(२)बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ङ) दफा ३२(४) बमोजिम गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐनअन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ट) दफा १६ बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा,

(ठ) दफा १७ विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(ड) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुनेछ,

४२. **जरिवाना :** (१) दफा ४१ को उपदफा (१) को खण्ड (ख) (ग), ९घ), ९ङ), ९च), ९छ), ९ज), ९झ) (ञ), ९ट) र (ड) बमोजिमको कसूर गरेमा नगरपालिकाले पच्चीस हजारदेखि पचास हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ४१ को उपदफा (१) को खण्ड (ठ) बमोजिमको कसूर गरेमा विज्ञापन प्रशारण गर्नेलाई नगरपालिकले दश हजार रुपैयाँ जरिबानासाथै ईजाजत रद्द गर्ने सम्मको कारबाही गर्न सक्ने छ । तर यसरी कारबाही गर्दा सुनुवाईको मौका दिईने छ ।

(३) दण्ड,सजाय र जरिवाना सम्बन्धि अन्य ब्यबस्था प्रचलित कानून बमोजिम हुनेछ ।

४३. **क्षतिपुर्ति दिनुपर्ने** : **(१)**नगरपालिकाभित्रकुनै व्यक्ति वा संस्थालेयो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीतकागतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमात्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा तोकिएको निकायबाटक्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

४४. **पुनरावेदन दिन सक्ने** :दफा ४२ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद १६

## स्थानीय जनस्वास्थ्य बोर्ड

४५. **स्थानीय जनस्वास्थ्य बोर्डको गठन**: (१)नगरपालिकाले जनस्वास्थ्यसँग सरोकार निकायका उच्च अधिकारीहरु तथा विज्ञहरुको संलग्नता हुने गरी निम्न बमोजिमको जनस्वास्थ्य परिषद वा बोर्ड स्थापना गर्नेछ ।

(क) नगरपालिकाप्रमुख —अध्यक्ष

(ख) नगरपालिका उपप्रमुख — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(घ) कार्यपालिकाको स्वास्थ्य क्षेत्र हेर्ने समितिका सदस्यहरु मध्येवाट नगरप्रमुखले तोकेको सदस्य —सदस्य

(ङ) कार्यपालिका सदस्यमहिला १ जना -सदस्य

(च) काननु शाखा प्रमुख वा कानुनी सल्लाहकार -सदस्य

(छ) स्थानीय अस्पताल/स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक/स्वास्थ्यकर्मी मध्ये नगरपालिका प्रमुखले तोकेको २ जना -सदस्य

(ज) समितिले मनोनित गर्ने स्वास्थ्य र शिक्षा क्षेत्रका विज्ञ २ जना-सदस्य

(झ स्थानीय स्वास्थ्य शाखा प्रमुख —सदस्य सचिव

(२) बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) बोर्डले देहायका कार्य गर्नेछः—

(१) स्थानीयस्तरमा स्वास्थ्य सुरक्षा, सम्बर्धन र सुधार सम्बन्धी नीति निर्धारण गर्ने,

(२) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,

(३) राष्ट्रिय स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,

(४) जनस्वास्थ्य सम्बन्धी राष्ट्रिय रणनीति, ढाँचा वा नियमनहरुलाई स्थानीय स्तरमा लागु गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यकनिर्देशन तथा अनुगमन गर्ने,

(५) रोगहरुको रोकथाम, प्रबर्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्बन्धी कुनै पनि विषयमा

प्रदेश तथा संघीय सरकारसँग आवश्यक सहयोग तथा परामर्श लिने ।

(६) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

(ख) बोर्डले स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप—समिति गठन गर्ने।

९३) बोर्ड(परिषद्) सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४६. **स्वास्थ्य सम्बन्धी योजना तर्जुमा र कार्यक्रम संचालन गर्ने** : कार्यपालिकाले लक्ष्य निर्धारण गरीयोजना निर्माण, कार्यन्वयन, मुल्याङ्कन तथा समीक्षाको कार्यतालिका बनाई स्थानीय आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरू संचालन गर्नेछ ।

४७. **समन्वय गर्ने**: राष्ट्रिय तथा प्रादेशिक जनस्वास्थ्य अभियानमा स्थानीय सरकारले समन्वय र सहयोग पुर्‍याउने छ।

## परिच्छेद १७

## विविध

४८. **पोषण कार्यक्रम संचालन गर्ने** : (१) नगरपालिकाले गर्भवति महिला, आमा र शिशुको लागि पोषण सुरक्षा कार्यक्रमको संचालन र प्रवर्द्धन गर्नेछ ।

(२)नगरपालिकाले योजना बनाई स्तनपान प्रवर्द्धनका कार्यक्रम संचालन गर्नेछ।

(३) नगरपालिकाले योजना बनाई नगरपालिका क्षेत्रभित्र कुपोषणको पहिचान, न्युनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित बालबालिकाको पुनर्स्थापनाको कार्यक्रम संचालन गर्नेछ।

४९. **सामाजिक सुरक्षा र स्वास्थ्य विमा**: (१) नगरपालिका क्षेत्रका सबै वासिन्दालाई स्वास्थ्य वीमा ऐनले तोकेबमोजिम अनिवार्य स्वास्थ्य विमामा आवद्ध गराउनु कार्यपालिकाको दायित्व हुनेछ ।

(२) कार्यपालिकाले सम्बन्धित निकायसंगको सहकार्यमा सामाजिक सुरक्षा सम्बन्धी जनचेतनाका कार्यक्रम संचालन गर्न सक्नेछ ।

(३) नगरपालिकाले आर्थिक रूपले विपन्न तथा तोकिएका अन्य लक्षित समुहको स्वास्थ्य विमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउनआर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरूसंग समन्वय गर्नेछ ।

(५) महिला, बालबालिका, किशोर किशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक र अन्य लक्षित समुहहरुका लागि कार्यविधि बनाई कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(६)नगरपालिकाले विशेष संरक्षणको आवश्यकता भएका महिला,बालबालिका,ज्येष्ठ नागरिक, अपाङ्गता भएका, अशक्त र अन्य लक्षित समुहहरूका लागि प्रदेश तथा संघको समन्वयमा आवश्यक संरक्षणको व्यवस्था गर्न सक्नेछ ।

५०. **नियम बनाउन सक्ने**: यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

५१. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने**: यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

५२. **अधिकार प्रयोग गर्न सक्ने**: यस ऐनमा सभाले गर्ने भनी तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ।

५३. **प्रचलित कानून वमोजिम हुने**: यस ऐनमा लेखिएजति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

५४. **परामर्श लिन सक्ने**: कार्यपालिका, सभा वा शाखाले यस ऐनको कार्यान्वयनको लागि सम्बन्धित विषयका विज्ञसंग सल्लाह र परामर्श लिन सक्नेछ ।

५५. **अधिकार प्रत्यायोजन गर्न सक्ने**: कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार शाखामा प्रत्यायोजन गर्न सक्नेछ ।

**अनुसुचीहरू**

**अनुसुची नं. १ दरखास्तको ढाँचा**

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु, मिति ............................
भीमेश्वर नगरपालिकाको कार्यालय
चरिकोट, दोलखा ।

**विषय**: अस्पताल/डेन्टल/पोलिक्लिनिक/ फारमेसी/डाईनोस्टीक सेन्टर संचालन अनुमती/ नबिकरण गरि पाँउ ।

उपरोत्त सम्बन्धमा भीमेश्वर नगरपालिका वडा नं...... मा ................................. संचालन गर्नको लागि नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरिआवश्यक कागपत्र पेश गरेकोछु । अनुमति/नबिकरण गरिदिनु हुन अनुरोध गर्दछु ।

...................
निबेदक
....................

संलग्न आबश्यक कागजपत्र

- संचालकको नागरिकता
- काम गर्ने बिज्ञ डाक्टर वा अन्य स्वास्थ्यकर्मिहरूको नागरिकता र शैक्षिक प्रमाण पत्र, काउन्सिलको दर्ता प्रमाण पत्र,
- मापदणडले तोकेका कागजपत्रहरू,
- आवश्यक औजार उपकरणको विवरण,
- कम्पनी दर्ता वा अन्य इजाजत प्रमाण पत्रहरूको प्रतिलिपी ।

**अनुसुची नं. २**

**दर्ता र नविकरणको लागि तिर्नुपर्ने दस्तुर**

स्वास्थ्यसंग सम्बन्धित कुनै पनि ब्यवसाय संचालन गर्ने ब्यक्ति वा कम्पनिले तिर्नुपर्ने दस्तुर निम्नबमोजिम हुनेछः यहाँ उल्लेख गरिएको दस्तुर आर्थिक ऐन बमोजिम हुनेछ ।

| क्र.स. | ब्यबसायको नाम | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | १ | निजी क्षेत्रको अस्पताल/नर्सिङ होम | १५०००। | १००००। | |
| | २ | पोलिक्लिनिक | ८०००। | ५०००। | |
| | ३ | फार्मेसी | ५०००। | ३०००। | |
| | ४ | क्लिनिक (डेन्टल क्लिनिक समेत) | ५०००। | ४०००। | |
| | ५ | प्रबिधिक कलेज | १००००। | ७५००। | |

आज्ञाले,

मान बहादुर खड्का

प्रमुख प्रशासकीय अधिकृत